# बैठक नं. ३६

आज मिति २०७५ असोज ४ गते बिहिबार अपरान्ह २-०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. ९ नयाँवजार स्थित कृष्ण क्याटरिङको सभाकक्षमा वसी देहाय बमोजिमको उपस्थिति भयो ।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सदस्य सचिव | श्री निरन्जन श्रेष्ठ | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानीयाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, ब.ले.अ. | श्री सानुबाबु परियार | |
| २३ | आमन्त्रित, आ.टी.अ. | श्री परशुराम चौलागाईँ | |

## निर्णय नं. १

तेस्रो नगरसभावाट पारित विनियोजन ऐन, २०७५ को पर्यटन तथा संस्कृति प्रवर्द्धन क्षेत्रसँग सम्वन्धित नीति, कार्यक्रम र बजेटलाई कार्यान्वयन तथा व्यवस्थापन गर्न देहाय बमोजिम **"कीर्तिपुर पर्यटन पूर्वाधार निर्माण तथा व्यवस्थापन समिति"** गठन गर्ने निर्णय गरियो । साथै समितिको काम, कर्तव्य, अधिकार र कार्यक्षेत्र तपशिल बमोजिम निर्धारण गर्ने समेत निर्णय गरियो।

कीर्तिपुर पर्यटन पूर्वाधार निर्माण तथा व्यवस्थापन समिति को गठन

क) अध्यक्ष :- श्री सुरेन्द्र मानन्धर

ख) उपाध्यक्षः- श्री योगेन्द्र विक्रम थापा, की.न.पा - ४

ग) सचिवः- श्री अरुण डंगोल, की.न.पा - ५

घ) कोषाध्यक्ष :- श्री बसन्त नेपाल, की.न.पा - ६

ङ) सदस्य :- श्री प्रयागमान प्रधान (इतिहासविद), की.न.पा - ९

च) सदस्य :- श्री वज्रमुनी बज्राचार्य (संस्कृतिविद), की.न.पा - १०

छ) सदस्य :- श्री कमलेस महर्जन (संस्कृतिविद), की.न.पा - १

ज) सदस्य :- श्री जीवन महर्जन (भाषा तथा अभिलेखविद), की.न.पा - ८

झ) सदस्य :- श्री भरत महर्जन (पुरातत्वविद), की.न.पा - १०

ञ) सदस्य :- श्री कर्ण महर्जन (संस्कृतिविद), की.न.पा - ९

ट) सदस्य :- श्री सुविन्द्र नारायण महर्जन (भौतिक पुर्वाधार निर्माणविद), की.न.पा - ३

ठ) सदस्य :- श्री भाई लाल महर्जन (पर्यटनविद), की.न.पा - ३

ड) सदस्य :- श्री गंगामान महर्जन (सामाजिक अभियन्ता), की.न.पा - ९

ढ) सदस्य :- श्री डा. नवरथ बानियाँ (वातावरणीय व्यवस्थापनविद), की.न.पा - ७

ण) सदस्य :- श्री बाबु राजा महर्जन (पर्यटनविद), की.न.पा - ६

त) पदेन सदस्यः- श्री रमेशमान डंगोल (भाषा, संस्कृति, सम्पदा, ललितकला एवं पर्यटन समिति संयोजक)

समितिको काम, कर्तव्य, अधिकार र कार्यक्षेत्र

क) कीर्तिपुर नगर क्षेत्र भित्र पर्यटन पूर्वाधार सम्बन्धी योजनाहरुको तर्जुमा र कार्यान्वयन गर्ने,

ख) सांस्कृतिक क्षेत्र र पुरातात्विक सम्पदाको पुननिर्माण तथा मर्मत गर्ने ,

ग) सांस्कृतिक, पुरातात्विक सम्पदा र पर्यटन पूर्वाधारहरुको निर्माण तथा पुनःनिर्माण पश्चातको मर्मत संभार र व्यवस्थापन गर्ने,

घ) समितिले उपरोक्त कार्य गर्दा "उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५" बमोजिम कार्य गर्नु पर्नेछ,

ङ) नगरपालिकाले पर्यटन पूर्वाधार, सांस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदा संरक्षणसँग सम्बन्धित निर्माणकार्य यही समिति मार्फत गर्न सक्ने वा समितिले तोके बमोजिमको उपभोक्ता समितिबाट समेत गर्न सकिनेछ ।यसरी उपभोक्ता समिति मार्फत निर्माण कार्य गर्दा ऐ.ऐ कार्यविधिको अनुसुची ३ बमोजिम समितिले व्यहोर्नु पर्ने लागत सहभागिता शुन्य कायम गरिएको छ,

च) समितिले निर्माणकार्य तथा व्यवस्थापन गर्दा बैंक खाता खोली मात्र कार्य गर्न सक्नेछ,

छ) बैंक खाताको संचालन अध्यक्ष, कोषाध्यक्ष र सचिव मार्फत हुनेछ,

ज) नगरपालिकाले व्यहोर्नु पर्ने रकम बढीमा ५ किस्तामा उपलब्ध गराइने छ र पेश्की फछ्यौंट नभई रकम निकासा गरिनेछैन,

झ) समिति र नगरपालिका बिच सहजिकरण र समन्वय गर्न नगर प्रमुखबाट अधिकृतस्तरको कर्मचारी खटाईने छ,

ञ) आवश्यकता अनुसार नगरपालिकाले सदस्यहरु थप गर्न सक्नेछ ।

ट) विनियोजन ऐन, २०७५ बमोजिम स्वीकृत भएका देहायका योजनाहरु सम्झौता गरी कार्यान्वयन गर्न अख्तियारी दिने ।

अ) एकीकृत पर्यटन विकास परियोजना विनियोजित बजेट रु. १,००,००,०००/-(न.पा. रु. २५,००,०००/- र संघ ७५,००,०००/-)

आ) वाघभैरव, टौदह, जलविनायक, चम्पादेवी लगायतका धार्मिक तथा अन्य पर्यटकीय स्थल विकास कार्यक्रम विनियोजित बजेट रु. ५०,००,०००/-(न.पा.)

इ) उमामहेश्वर मन्दिर परिसरमा तेलिया इटा छपाई विनियोजित बजेट रु. २५,००,०००/-(न.पा.)

ई) कीर्तिपुर नपाको ऐतिहासिक खोज पुर्वाधार निर्माण/ पुनः निर्माण विनियोजित बजेट रु. ५०,००,०००/-(प्रदेश शसर्त)

उ) पुरातात्विक संरक्षण अन्तरगत विष्णुदेवी मन्दिर परिसर निर्माण सुधार, पाँगा कीर्तिपुर नपा - ८ विनियोजित बजेट रु. १५,००,०००/-(नेपाल सरकार शसर्त)

ठ) प्रदेश सरकार र संघीय सरकारवाट पर्यटन पुर्वाधार शिर्षकमा प्राप्त अनुदान अन्तर्गतका योजना/आयोजनाहरु समेत कार्यान्वयन गर्नेछ ।

ड) उपरोक्त कार्य गर्दा सम्वन्धित वडा समितिसँग समन्वय र सहजिकरण गरी गर्नुपर्नेछ । र वडा समितिले नियमित अनुगमन गरी प्रतिवेदन नगरपालिकामा पेश गर्नु पर्नेछ ।

## निर्णय नं. २

यहि २०७५/०६/११ गते (२७ सेप्टेम्वर, २०१८) का दिन विश्व पर्यटन दिवसका अवसरमा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण यस कीर्तिपुर नगरपालिकामा पर्यटन प्रवर्द्धनका लागि भाषा, संस्कृति, सम्पदा, ललितकला एवं पर्यटन समितिको मिति २०७५/०५/१८ गतेको निर्णय अनुसार चित्रकला कार्यशाला, साँस्कृतिक बाजामुलक प्रस्तुती एवं वडा नं. ३ स्थित खासीबजारको ऐतिहासिक पोखरीमा नौका बिहार लगायतका कार्यक्रम सञ्चालन गर्ने प्रस्ताव स्वीकृत गरियो र उक्त कार्यक्रमलाई सञ्चालन गर्न विनियोजन ऐन, २०७५ को पुँजीगत तर्फ (१) पर्यटन प्रवर्द्धन र (२) साँस्कृतिक प्रवर्द्धन शिर्षकवाट खर्च ब्यहोर्ने निर्णय गरियो ।

## निर्णय नं. ३

वडा नं. ४ स्थित पुष्पलाल स्मृति प्रतिष्ठान देखि ऐतिहासिक, धार्मिक एवं पर्यटकीय दृष्णिकोणले महत्वपुर्ण स्थलका रुपमा रहेको चम्पादेवी मन्दिर (डाँडा) सम्म सडक निर्माण, विस्तार सुधार गर्नका लागि परामर्शदातावाट चालु आ.व. २०७५/०७६ मा सो को सम्भाव्यता अध्ययन र विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गर्ने निर्णय गरियो । साथै उक्त कार्य गर्न विनियोजन ऐन, २०७५ को पुँजीगत तर्फ संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्र अन्तरगत विभिन्न प्राथमिकता प्राप्त गुरुयोजनाहरुको डि.पि.आर. निर्माण तथा विशेषज्ञ परामर्श सेवा शिर्षकवाट खर्च ब्यहोर्ने निर्णय समेत गरियो ।

## निर्णय नं. ४

यस नगरकार्यपालिका कार्यालयमा विगतदेखि निरन्तर रुपमा कार्यरत निम्न कार्यालय सहयोगीहरुलाई सामान्य प्रशासन समितिको सिफारिस समेतको आधारमा चालु आ.व. २०७५/०७६ को श्रावणदेखि नै मासिक रु. १३,५००/-(रु. तेऱ्ह हजार पाँच सय मात्र) का दरले पारिश्रमिक उपलव्ध गराउने साथै २०७६ असार मसान्त सम्मको लागि म्याद थप गर्ने निर्णय गरियो ।

(क) शान्ता अधिकारी वास्कोटा

(ख) शान्त कुमार वस्नेत

(ग) राजमती महर्जन

(घ) उमा पोडे

**<u>निर्णय नं. ५</u>**

यस नगरपालिका अन्तर्गत विभिन्न हेल्थपोष्ट तथा अस्पतालमा विगत देखि कार्यरत ९ जना कार्यालय सहयोगीहरुलाई चालु आ.व. २०७५/०७६ को नेपाल सरकार शशर्त अनुदान (२६२१२) शिर्षकमा विनियोजित रकमवाट साविककै सेवा सुविधा शर्त बमोजिम हुने गरी चालु २०७६असार मसान्त सम्मको लागि म्याद थप गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ६</u>**

आयुर्वेद तर्फ करार सेवामा कार्यरत कार्यालय सहयोगी पुरुषोत्तम नगरकोटीलाई वडा नं. ६ स्थित शहरी स्वास्थ्य केन्द्रमा काम काज खटाईएकोले निजलाई साविककै सेवा सुविधा बमोजिमको रकम चालु आ.व. २०७५/०७६ का लागि नेपाल सरकार शसर्त अनुदान (२६२१२, स्वास्थ्य तर्फ) स्थापना भएका र थप हुने शहरी स्वास्थ्य केन्द्र संचालन अनुदान शिर्षकबाट उपलव्ध गराई चालु २०७६ असार मसान्त सम्मको लागि म्याद थप गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ७</u>**

यस नगरपालिकामा गत आ.व. २०७४/०७५ देखि नै जिल्ला समन्वय समितको कार्यालय, काठमाण्डौवाट खटिई आउनु भएका अधिकृत स्तर छैठौं तहका टिम लिडर श्री शारदा कँडेलको तलवी प्रतिवेदन स्वीकृत गरी विनियोजन ऐन, २०७५ को चालु खर्च तर्फ स्वीकृत तलव, भत्ता, पोशाक शिर्षकबाट मासिक तलब भत्ता श्रावण देखि नै उपलव्ध गराउने निर्णय गरियो ।

**<u>निर्णय नं. ८</u>**

यस कार्यालयमा अन्य विभिन्न मन्त्रालय/विभागहरुबाट काजमा खटिई आएका निम्न कर्मचारीहरुको तलव भत्ता सुविधा बापतको रकम उपलव्ध गराईदिन नेपाल सरकारको सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

क) ना.सु. सुबिना महर्जन
ख) ना.सु. शिवजी प्रसाद रेग्मी
ग) ना.सु. तारा जिसी थापा
घ) ना.सु. कृष्णगोपाल महर्जन
ङ) ख. लक्ष्मी बहादुर महर्जन
च) जु.ई. करणसिं बडाल

## निर्णय नं. ९

कीर्तिपुर नगरपालिका वडा नं.१ स्थित लायकुमा सञ्चालित सामुदायिक वाल विकास केन्द्रलाई वन्द गरी उक्त वालविकास केन्द्रमा रहेका सहजकर्ता श्री उर्मिला प्रधान र विद्यार्थीहरुलाई कीर्तिपुर नगरपालिका वडा नं.३ स्थित विश्व राष्ट्रिय मा.वि.मा समायोजन गर्ने र उक्त वालबिकास केन्द्रको सम्पतिको स्वामित्व कीर्तिपुर नगरपालिकाले जिम्मा लिई वडा नं.१ लाई हस्तान्तरण गर्ने निर्णय गरियो।

## निर्णय नं. १०

स्थानीय तह निर्वाचन, २०७४ बाट निर्वाचित यस नगरपालिकाका जन प्रतिनिधिहरुले पद बहाली गरिसकेपछि नगरपालिकाबाट सम्पुर्ण वडाहरुलाई चालु खर्च तथा पुजिगत बजेट शिर्षक लगायतबाट पेश्की बापत उपलव्ध गराईएको रकम हालसम्म पनि फछ्र्यौट नभई पेश्की बेरुजुका रुपमा रहेकोले यही २०७५ साल असोज मसान्त भित्र पेश्की फछ्र्यौट गर्नका लागि बिल भर्पाई र आवश्यक कागजात सहित नगरकार्यपालिकामा वडा कार्यलयहरुले पेश गर्ने र वडा कार्यालयका नाममा रहेका विगत देखि रहेका पेश्कीहरु समेत फछ्र्यौटका लागि प्रकृया अघि बढाउने निर्णय गरियो ।

## निर्णय नं. ११

यस नगरपालिकाको वडा नं. ९ र १० स्थित पुर्वमा बागमती नदि, पश्चिममा दक्षिणकाली जाने बाटो, उत्तरमा के.यु.के.एल. रिजर्भ पानी ट्यांकी र दक्षिणमा ललितपुर जाने नयापुल विचको अन्दाजी २ रोपनी जग्गामा सुमो गाडी पार्किङ, ग्यारेज लगायतका काम गर्नका लागि बल्खु अटो पार्क प्रा.लि. काठमाण्डौ, बल्खुको प्रस्तावउपर छलफल पश्चात सो प्रस्ताव सर्वसम्वतवाट स्वीकृत गरी कार्यान्वयनका लागि नगर प्रमुखलाई जिम्मा दिने निर्णय गरियो ।

## निर्णय नं. १२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ध) र (प) बमोजिम यस नगर क्षेत्रमा खानेपानी उत्पादन वृद्धि तथा व्यवस्थापनका लागि वडा नं. ४ स्थित सिम झवाहिटि क्षेत्रको करिव ९ (नौ) रोपनी क्षेत्रफलमा फैलिएको सिम क्षेत्रमा पानी मुहानको संरक्षण गरी कलेक्सन च्याम्बर, डग वेल, प्रसोधन केन्द्र लगायका निर्माण गर्न विनियोजन ऐन, २०७५ को खानेपानी तथा सरसफाई शिर्षक अन्तरगत राउते भिर, दुधपोखरी तथा सिम संरक्षण कार्यक्रममा विनियोजित बजेटबाट प्रथम चरणमा सडक पुगेको न्युनतम २ रोपनी भन्दा बढी जग्गा खरिद गर्ने र कार्यान्वयनका लागि नगर प्रमुखलाई जिम्मा दिने निर्णय गरियो ।